आज मिति २०७९/०७/१८ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | टेकमाया | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परीमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थिति:

१. बासु पण्डित, प्रशासन शाखा प्रमुख Pandit

२. फुलमाया वि.क., दलित महिला सदस्य फुल

३. उद्गम तिम्सिना, लेखा अधिकृत

# कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची

बैठक संख्या: ११
अध्यक्षता: श्री दान बहादुर गुरुङ
बैठक मिति: २०७९।०७।१८
बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यलय, कुरिनटार ।
बैठक समय: विहान ८ बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७९।०७।१८ | ८:०० | खर्च व्यवस्थापनमा सहयोग सम्वन्धमा । | शिक्षा शाखा | |
| २०७९।०७।१८ | ८:०५ | बाल विकास सहजकर्ताको तलब भत्ता व्यवस्थापन सम्बन्धमा। | शिक्षा शाखा | |
| २०७९।०७।१८ | ८:१० | प्रशासकीय भवन निर्माण बहुबर्षिय योजना रुपमा टेण्डर प्रक्रिया अगाडी बढाउने सम्बन्धमा। | योजना शाखा | |
| २०७९।०७।१८ | ८:१५ | इच्छाकामना अस्पतालको टेण्डर प्रक्रिया अगाडि बढाउने एवं रकम माग गर्ने सम्बन्धमा। | योजना शाखा | |
| २०७९।०७।१८ | ८:२० | वडा स्तरीय योजना संचालन सम्बन्धमा तयार गरिएको मार्गदर्शन २०७९ स्वीकृत सम्बन्धमा। | योजना शाखा | |
| २०७९।०७।१८ | ८:२५ | भु-उपयोग वर्गिकरण तथा कित्ताकाट सम्बन्धमा। | नापी शाखा | |
| २०७९।०७।१८ | ८:३० | दायित्व सिर्जना भएको योजनाको भुक्तानी सम्बन्धमा। | योजना/आर्थिक प्रशासन शाखा | |
| २०७९।०७।१८ | ८:३५ | "निकासी कर" को स्थानमा "निकासी कर(स्थानीय शुल्क)" कायम गर्ने सम्बन्धमा। | प्रशासन शाखा | |

**पूर्व बैठकको समीक्षा**

मिति २०७९।०७।०४ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**कार्यपालिका बैठकको निर्णयहरुः**

१. यस गाउँपालिकाको वडा नं. ५ स्थित एपोलो युथ एसोसिएसनको आयोजनामा एपोलो लाइभ कन्सर्ट सम्पन्न गरेको हुँदा उक्त कार्यक्रममा भएको र नेपाल चेपाङ सङ्घ केन्द्रीय कार्यकारिणी समितिले चेपाङ समुदायको महान पर्व न्वागी (छोनाम) र चपाङ सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको हुँदा उल्लिखित कार्यक्रमहरुको खर्चको व्यवस्थापनको लागि पेश हुन आएको बिल भर्पाईको आधारमा भाषा साहित्य कला र संस्कृति प्रबर्धन शिर्षकको बजेटबाट क्रमशः रु. ५०,०००।- (अक्षरेपी पचास हजार मात्र) र रु.१,००,०००।- (अक्षरेपि एक लाख मात्र) रकम उपलब्ध गराउने।

२. इच्छाकामना गाउँपालिका वडा नं. ७ मा सञ्चालित राष्ट्रिय विद्यालय खेतबारीमा कार्यरत बालविकास सहजकर्ताको तलब भत्ता बापत २०७८।१२।२५ मा पेश भएको टिप्पणी आदेश बमोजिम एकमुस्ट रकम रु. १,६०,०००।-(अक्षरेपी एक लाख साठ्ठी हजार) अनुदान आन्तरिक स्रोतबाट उपलब्ध गराउने ।

३. गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि स्रोत सुनिश्चितता गरी बहुबर्षिय आयोजनाका रुपमा टेण्डर प्रकृया अगाडी बढाउने।

४. निर्माणाधिन इच्छाकामना अस्पताल निर्माणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग बजेट माग गर्ने र बहुबर्षिय आयोजनाका रुपमा टेण्डर प्रकृया तत्काल अगाडी बढाउने।

५. वडास्तरीय योजना सञ्चालन सम्बन्धमा तयार गरिएको मार्गदर्शन २०७९ स्वीकृत गर्ने ।

६. भु-उपयोग क्षेत्र बर्गिकरण प्रयोजनार्थ दारेचोक ३(क) कित्ता नं. २००६ लाई आवासीय क्षेत्र बर्गिकरण गर्ने गरी अंशवण्डा कित्ताकाट गर्नको लागि मालपोत कार्यालय चितवनलाई सिफारिस गर्ने।

७. तपसिल बमोजिमको योजनाहरुको लागि बिल भर्पाई बमोजिम भुक्तानी गर्न आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी आवश्यक रकम रु. ५०,८४,६१२।- (अक्षरेपि पचास लाख चौरासी हजार छ सय बाह्र मात्र) भैपरी पुँजीगत खर्च शिर्षकबाट विनियोजन गर्ने।

तपसिलः

| | | | |
|---|---|---|---|
| १. | गाउँपालिका प्रशासकीय भवन | इ.गा.पा.-४ | रु.३०,००,०००।- |
| २. | वडा कार्यालय भवन | वडा नं.३ | रु. ३,००,०००।- |
| ३. | राजमार्ग सोलार | वडा नं. ४ | रु. १०,७९,६१२।- |

| | | | |
|---|---|---|---|
| ४. | सिमलढाप खानेपानी | वडा नं. ७ | रु. ३,००,०००।- |
| ५. | इच्छाकामना अस्पताल | वडा नं. ४ | रु. १,००,०००।- |
| ६. | सर्वशान्ति स्कूल भवन निर्माण | वडा नं. ४ | रु. १,००,०००।- |

८. मिति २०७९।०४।०८ गतेको कार्यपालिका बैठकको निर्णय नं. ३(ख) मा निकासी कर भन्ने शब्दावलीको स्थानमा निकासी कर (स्थानीय शुल्क) भन्ने शब्दावली कायम गरी Performance Bond लिई सम्झौता प्रकृया आगाडी बढाउने ।